# लुम्विनी सास्कृतिक नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस लुम्बिनी सांस्कृतिक नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु लुम्बिनी सांस्कृतिक नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, ११२.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ७२४९७ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ८५५०७३३५.१८ | १ | चालु खर्च | ३२२१३५७५८.५१ | ३२२१३५७५८.५१ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | १४२१७५६६४.७४ | १४२१७५६६४.७४ |
| | ख) बैंक | | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | कृषीविकास बैक | ७६९१४६००.६३ | | | | | |
| | ऐभ्रेष्ट बैक | ८५९२७३४.५५ | | | | | |
| २ | राजस्व (आन्तरिक आय) | | १५४५०७५२४ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४१२०३८८२.६४ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ११३३०३६४१ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ४४३१२६००० | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | १८८०००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २४५१२६००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | धरौटी फिर्ता | ६०९८५५१ | ६०९८५५१ |
| | घ) विशेष अनुदान | १००००००० | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४३२०३००० | ७ | कोष फिर्ता | | |
| | क) वित्तीय समानीकरण अनुदान | ५२०३००० | | ८ | मौज्दात | | |
| | ख) सशर्त अनुदान | ११०००००० | | | क) बैंक मौज्दात | २०१८७९४५८.०२ | २०१८७९४५८.०२ |
| | ग) समपुरक अनुदान | २००००००० | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | ७०००००० | | ९ | शसर्त अनुदान फिर्ता | ५२४५९९४३ | ५२४५९९४३ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत वर्षको बढी अल्या | | |
| ६ | अन्य | | ९००००० | ११ | जनश्रमदान मौज्दात | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | धरौट मौज्दात | ९८३४३४६.४२ | ९८३४३४६.४२ |
| | ख) सडक बोर्ड नेपाल | ९००००० | | १३ | कोष खाताको मौज्दात | ७८०१८१४.५५ | ७८०१८१४.५५ |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १४ | कोष खाताको खर्च | ७९०९२० | ७९०९२० |
| | घ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | १५९३२८९७.४२ | १५९३२८९७.४२ | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | जम्मा | **७४३१७६७५६.२४** | **७४३१७६७५६.२४** | | जम्मा | **७४३१७६७५६.२४** | **७४३१७६७५६.२४** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७७।१०।१७ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् : | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात नगरपालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न बाँकी विवरण तयार गरेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले स्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाब गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **बैक हिसाब मिलान** –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण | |

तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले पेश गरेको विवरण अनुसार स्रेस्ता अनुसारको मौज्दात र बैंक स्टेटमेण्ट अनुसार मौज्दात देहाय अनुसार छः

| सि.नं. | खाताको नाम | स्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १. | संचित कोष | ४३८४१५७७.०७ | ४३८४१५७७.०७ | ० |
| २. | विपद् व्यवस्थापन | ९१५४२१ | ९१५४२१ | ० |
| ३. | कर्मचारी कल्याण | १५५८६०१.५५ | १५५८६०१.५५ | ० |
| ४. | वातावरण व्यवस्थापन कोष | ११२५९९०.०० | ११२५९९०.०० | ० |
| ५. | मर्मत सम्भार कोष | ३९८३३२२ | ३९८३३२२ | ० |
| ६. | ऋण पुँजी घुम्ती कोष | १००९४००.०० | १००९४००.०० | ० |
| | जम्मा | ५२४३४३११.६२ | ५२४३४३११.६२ | ० |

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खाताबाट रु.१३३७४१८८०।६९, पूँजीगत खर्च खाताबाट रु.२४१९६०००।२६ समेत गरी जम्मा रु.१५७९३७८८०।९५ मिति २०७७।५।२१ मा मूल संचित कोषमा ट्रान्सफर गरेको छ ।
- ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो।

| | | |
|---|---|---|
| | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अद्यावधिक गरेको पाइएन ।<br>• साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ<br>• अधिकांश सडक तथा कुलो नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।<br>• जुनसुकै निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• नगरपालिकाले वर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरू पहिचान गरी जोखिमहरूको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br>• नगरपालिकाबाट सञ्चालित सवै कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । | |

| | | |
|---|---|---|
| | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । <br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। <br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको <br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७५ जनाको दरबन्दी रहेकोमा ५ दरबन्दी रिक्त रहेको पाईयो । <br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । <br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । <br>• निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रु.३०२६१२६४.९० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । <br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । <br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **सम्पत्ति हस्तान्तरण** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | **बजेट तथा कार्यक्रम** | |

| | | |
|---|---|---|
| ५. | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री जानकी देवी श्रीवास्तवले मिति २०७६।४।२२ गते रु. ७३ करोड ८६ लाख ८६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोही दिन पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।२६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८. | **नीति तथा मार्गदर्शनः** नगरपालिकाको आ.व. २०७६।७७ को नीति तथा मार्गदर्शन २०७६ असार २२ गते नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । नगरसभामा प्रस्तुन नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्यनको लागि नगरपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्:<br>• नगरपालिकाभित्र मौरी पालन एवं मह उत्पादनलाई बढवा दिने ।<br>• युवाहरूलाई कृषिमा आकर्षण गर्न युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गर्ने कृषि कार्यक्रम सञ्चालन गर्ने ।<br>• उच्चस्तरको प्रविधिको माध्यमबाट माटो परीक्षण गरी उपयुक्त हुने खेतीलाई प्रोत्साहन गर्ने ।<br>• खोलानालाको जैविक विविधतालाई संरक्षण गर्ने ।<br>• पशु पंछी पालनमा जोड दिइ मासु आयात रोकी निर्यातलाई अगाडि बढाउने । | |

- पशुपन्छी बीमाको बिस्तार र प्रिमियममा अनुदानको व्यवस्था गर्ने ।
- सिपमुलक तालिमलाई प्रोत्साहन गरी घरेलु उद्योग सञ्चालन गर्ने ।
- पर्यटकहरूलाई बुद्धको बारेमा जानकारी दिने डिजिटल सहितको बुद्ध म्युजियम निर्माण गर्ने ।
- नगरपालिकाको व्यवस्थित विकासका लागि गुरुयोजना तर्जुमा गर्ने ।
- योजनाहरूको लागत मूल्याङ्कन, कार्य सम्पादन प्रतिवेदन सबैले बुज्ने गरी नेपाली भाषामा लागू गर्ने ।
- सांस्कृतिक नगरपालिकाको महत्व सहितको भवन निर्माण मापदण्ड बनाई लागू गर्ने ।
- चक्रपथ परिकल्पना गरी नगरपालिकाभित्र आबस्यक पूर्वधार अघि बढाउने ।
- परम्परागत रूपमा यस नगरपालिकाको संस्कृति संरक्षण गर्ने खालका घर निर्माण गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गर्ने ।
- लुम्बिनी साँस्कृतिक नगरपालिका भित्र रहेको किसानहरूको जीवनस्तर सुधारको लागि ५० प्रतिशत अनुदानमा बायोग्यास कार्यक्रम अगाडि बढाउने ।
- नदी कटान रोक्न किनारमा बायोइन्जिनियरिङ प्रविधि अवलम्बन गर्ने ।

नीति तथा मार्ग दर्शनको कार्यान्वयन हुनु पर्दछ ।

९. **योजनाहरू कार्यान्वयन नभएको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ के लागि रू. ७३ करोड ८७ लाखको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ४४० बटा आयोजना मध्ये यस वर्ष २६८ वटा योजनाहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका रू. १० लाख भन्दा माथिका योजनाहरू देहाय अनुसार छन् ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन रु. |
|---|---|---|---|---|
| १. | म्याचिङ्ग फन्डनगरस्तरीय | ३११५९. | नेपाल सरकार - नगदअनुदान | ५०००००० |
| २. | तेनुहवा खा पा योजना वडा नं ६ | ३११५६. | लुम्विनी प्रदेश - नगद अनुदान | ४५००००० |
| ३. | नदी तटबन्ध आमा बनबाटीका नजिक | ३११५४. | राजस्व बाँडफाँड - संघीय सरकार | २२८०००० |
| ४. | रौवाव को घर देखि कालिदह गाउँमा उच्य स्तरीय सडकनिर्माण | ३११५१. | नेपाल सरकार - नगद अनुदान | २२४०००० |
| ५. | ढलान र नाली निर्माण | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १८००००० |
| ६. | रमवापुर ढलान र नाली निर्माण | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १७००००० |
| ७. | आमा बन बाटिका देखि आमा जाने सडक बेश निर्माण | ३११५१. | राजस्व बाँडफाँड - संघीय सरकार | १५००००० |
| ८. | मधुबनी गाउको सडक स्तरोन्नती | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १५००००० |
| ९. | सिचाईको लागी बोर जडान वडा न. १ का सबै टोलमा | ३११५५. | नेपाल सरकार - नगद अनुदान | १५००००० |
| १०. | वडा नं. ११ मा गङ्गीडीहवादेखी तर्कुलहवा जाने बाटोढलान | ३११५१. | लुम्विनी प्रदेश - नगद अनुदान | १४००००० |
| ११. | मनौरा गाउँ भित्रका सबै गल्ली पि.सी.सी. गर्ने | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १३००००० |
| १२. | सबै टोलमा कृषि बोर जडान र बरगदवामा २ थान | ३११५५. | नेपाल सरकार - नगद अनुदान | १२५०००० |
| १३. | पडरिया चोकमा शौचालय निर्माण गर्ने | ३११५८. | नेपाल सरकार - नगद अनुदान | १२००००० |
| १४. | गडहा सम्मा नाली सडक निर्माण आमा | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १२००००० |
| १५. | भैसहिया योगेन्द्रको घर देखि कर्वला पोखरी सम्मपि.सी.सी. ढलान | ३११५१. | नेपाल सरकार - नगद अनुदान | ११५०००० |
| १६. | मोहसडदेखी देखी ढोडहवा बाटो पि.सि.सि. ढलान | ३११५१. | नेपाल सरकार - नगद अनुदान | ११००००० |
| १७. | वडा नं. १० मा आई वि. एस डाईलोसिस मेसिन व्यवस्थापन | ३११२२. | राजस्व बाँडफाँड - संघीय सरकार — नगद | १०००००० |
| १८. | ठुलो चिरपुर्वा देखि गेनवारिया सडक स्तरोन्नती | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| १९. | मछारियमाहेको घर देखि वडा कार्यालय सम्म सडकढलान | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| २०. | वडावलिया गाउ बाहिर देखि सुक्रौली सडक स्तरोन्नती | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| २१. | वडा नं. ४ मा कच्ची बाँध निर्माण | ३११५४. | राजस्व बाँडफाँड - संघीय सरकार — नगद | १०००००० |
| २२. | वडा नं. १२ मा नाली निर्माण | ३११५८. | लुम्विनी प्रदेश - नगद अनुदान | १०००००० |
| २३. | मठ मन्दिर निर्माण नगरस्तरिय | ३११५९. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| २४. | नन्दनगर गाँउको पुर्व सडक नजिक धर्मशाला निर्माण | ३११११. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| २५. | श्री ज्ञानकुन्ज प्रा.वि. भरथापुर गेट र भवन मर्मत | ३१११३. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| २६. | मोहसड चौथिया टोल अधुरो पि.सि.सि. ढलान | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| २७. | नाली ढलान र माटो फिलिङ्ग गर्ने काम | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| २८. | अधियारी गाउँको मेनबाटो पि.सी.सी. ढलान | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| २९. | नौवाडिहवा पिचबाटो ढलान | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| ३०. | हिन्दराजको गडहादेखी भैलुभुजा वोरिङ्गसम्म ढलान | ३११५१. | नेपाल सरकार - नगद अनुदान | १०००००० |
| ३१. | सहरी स्वास्थ्य केन्द्रको भवन निर्माण | ३११११. | नेपाल सरकार - नगद अनुदान | १०००००० |

कार्यालयको भनाइः कोभिड १९ महामारीको कारण उपरोक्त योजनाहरू कार्यान्वयन गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ ।

१०. **गत वर्षको दायित्व -**आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था,उपभोक्ता समिति,फर्महरूलाई रु. २७७२६२८।- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो वर्ष (२०७६।७७) को बजेटमा गत वर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । वार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

११. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ३२२१३५७५८.५१ | ७०६३६१९१.६९ | ७६२३५०३५.१५ | १७५४०९१४५.७ | ८७२१२३२८.७ |
| पूँजीगत खर्चतर्फ | १४२१७५६६४.७४ | ५२२२१९६. | २१७५८९७२. | ११५१९४४९६.७ | ९१९५९१४९. |
| जम्मा | ४६४३११४२३.२५ | ७५८५८३८७.६९ | ९७९९४००७.१५ | २९०६०३६४२.४५ | १७९१७१४७७.७ |
| प्रतिशत | १००.०० | १६.३४ | २१.११ | ६२.५९ | ३८.५९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ४६ करोड ४३ लाख ११ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७ करोड ५८ लाख ५८अर्थात १६.३४ प्रतिशत, दोश्रो चौमासिकमा रु. ९ करोड ७९ लाख ९४ हजार,अर्थात अर्थात २१.११प्रतिशत र तेश्रो चौमासिकमा रु. २९ करोड ६ लाख ४ हजारअर्थात ६२.५९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १७ करोड ९१ लाख ७१ हजार अर्थात ३८.५९प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २०१४००००.०० | ७०१५२४४.०० | १.४० |

| | | | |
|---|---|---|---|
| सामाजिक क्षेत्र | ५६३७३३८५३.३० | २७६३५४४६१.४० | ५५.२७ |
| पूर्वाधार विकास क्षेत्र | २६२७९८८३८.६३ | १०८८१७८२४.७४ | २१.७६ |
| वातावरण तथा विपद्व्यवस्थापन | ४९०००००.०० | १०९९८००.०० | ०.२२ |
| संस्थागत विकास र सेवा प्रवाह | ०.०० | ०.०० | ०.०० |
| वित्तीय व्यवस्थापन र सुशासन | १३८५७०००.०० | ६३१८९६२.०० | १.२६ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १२११६१८४७.०० | १००४२२७३४.३१ | २०.०८ |
| **जम्मा** | **९८६५९१५३८.९३** | **५०००२९०२६.४५** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी५५.२७ प्रतिशत रवातावरण तथा विपद् व्यवस्थापनमा सबै भन्दा घटी ०.२२ प्रतिशत रहेको छ ।

१३. **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ११८११८४८३।२७(आन्तिरक आय, १४४४१७६६।५० जिसस रोयल्टी र मालपोत रू. २६७६२११६।१४, गत वर्षको मौज्दात रू. ७६९१४६००।६३) राजस्व बाँडफाँड र अनुदानबाट रू. ४१४६५६४८३।- समेत रु. ५३२७७४९६।२७ आम्दानी भएकोमा चालु तर्फ रु.३२२१३५७५८।५१ र पूँजीगत तर्फ रु१४२१७५६६४।७४ र समेत रु. ४६४३११४२३।२५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ३.११ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू. ११६३०६२६।-खर्च भएको छ जुन आन्तरिक आयको ८०.५३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.३८ प्रतिशत चालु र ३०.६२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४. **लक्ष्य प्रगति :**कार्यालयले चौमासिक र वार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ४४० | २६८ | | | |

१५. **ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट ४० वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो चौमासिकमा ४ वटा र तेश्रो चौमासिकमा ३६ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा मात्र ९० प्रतिशत ठेक्का सम्झौता गरी प्रगति देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।

१६. **ठेक्काको विवरण-** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने

| | | |
|---|---|---|
| | मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १७. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शाखा अधिकृत ३ जना, सि.डि.इ. १ जना, इन्जिनियर २ जना, आलेप अधिकृत १ जना, प्राविधिक सहायक शिक्षा १ जना, लेखापाल १ जना, रेन्जर १ जना, नायव सुब्बा १२ जना लगायतका पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १८. | **कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २६ जना कर्मचारीहरू करारमा राखि रु. ६४१३६३०।— खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक स्वास्थ्य तर्फ ५ जना, प्राविधिक तर्फ ४ जना समेत ९ जना करार नियुक्ति गरी वर्षभरीमा रु. ३०८७८९०।— भुक्तानी गरेको अनियमित देखिएको रु | २३७६०३०.०० |
| १९. | **कल्याण कोष**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ३०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैकर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | ३००००.०० |
| २०. | **कर्मचारी प्रोत्साहन भत्ता** -स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो वर्ष प्रोत्साहन भत्ता रू. १९९७५४६.०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | १९९७५४६.०० |

| | | |
|---|---|---|
| २१. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २२. | **वडा सचिवको पदपूर्ति :**पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १३ | १३ | ६ | ७ |

| | | |
|---|---|---|
| २३. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १६ वटा ऐन, ११ वटा नियमावली र १५ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट नागरिकता सिफारिस १८२७ वटा, घर बाटो सिफारिस २४ वटा, नाता प्रमाणित ५४६ वटा, जन्म मृत्यु दर्ता ३१८६ वटा र अन्य सिफारिस २५५२ वटा गरेको विवरण प्राप्त भएको छ । पालिकाले पूर्वाधार विकासमा ३०.६२ प्रतिशत बजेट खर्च गरेको भएपनि कालोपत्रे सडक निर्माण, कालोपत्रे सडक मर्मत, ग्राभेल सडक निर्माणको भौतिक प्रगतिको विवरण अध्यावधिक गरेको छैन ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । | |
| २४. | **योजना छनौट र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक नगर विकास योजना २०७६/७७को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १२१ | १४० | २०४ | १०७ | ११ | ५८३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि१० लाख सम्मका जम्मा ४६२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १२१ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

| | | |
|---|---|---|
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| २५. | **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ११वटा नियमावली, १५ कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४२ वटा कानूनहरू निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेता पनि ९ वटा कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २६. | **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । नगरपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । नगरपालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।<br>नगरपालिकाले कृषि औजार, ह्याण्ड पम्प, सिंचाइ बोर जडान,फलफुल विरुवा, मौरीघार लगायतका सामग्री वितरण तथा फलफुल नर्सरी अनुदान लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा नगरपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| २७. | **न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २६ र यो वर्ष थप भएको २४ गरी कुल ५० विवाद दर्ता भएकोमा १९ वटा मात्र फछ्र्यौट भई ३१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २८. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २९. | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले | |

आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

**पदाधिकारी सुविधा**

३०. **पदाधिकारी सुविधा**- लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफुनिर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरू खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरूले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको साउन देखि असोज सम्म मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु२५८६००० खर्च लेखेको देखिन्छ ।

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष १३ | कार्यपालिका सदस्य ८ | सभाका सदस्य ४६ जना | कुल खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३५००० | ३०००० | २५००० | १३००० | ८००० | २५८६००० |

३१. **स्थानीय तहका पदाधिकारी सुविधा** :नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु११६३६०००।- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष १३ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४६ जना | जम्मा ९ महिना |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ३००० | ३००० | ३००० | ३००० | | १२००० |
| २ | सवारी इन्धन | १२००० | १२००० | | | | २४००० |
| ३ | यातायात सुविधा | १२००० | १२००० | १२००० | ७००० | ३५०० | ४६५०० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ५००० | ५००० | ४००० | ३००० | २००० | १९००० |
| ५ | टेलिफोन मोबाइल रचार्ज | ४००० | ४००० | ४००० | ३००० | २५०० | १७५०० |
| ६ | अतिथि सत्कार | ७००० | ६००० | ६००० | ० | ० | १९००० |
| ७ | खानेपानी तथा सरसफाई | ५००० | ५००० | ० | ० | ० | १०००० |
| ८ | मर्मत संम्भार र विद्युत उर्जा | ५००० | ५००० | | | | १०००० |
| ८ | चाडपर्व खर्च | | | | | | |
| ९ | दैनिक भ्रमण भत्ता | ० | ० | ० | ० | ० | ० |
| १० | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | ० | ० | ० | ० | ० | ० |
| ११ | यात्रा बिमा | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ४९२००० | ६३९००० | ४५३६००० | १५४६००० | ४४२३००० | ११६३६००० |

३२. **खाना तथा विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.६१६८८१६।- खर्च गरेको छ ।

३३. **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १५५३९११।- आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३४. **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

**अनुदान फिर्ता, वितरण र उपयोग**

३५. **अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु ५२४५९९४३ मिति २०७७।३।३१ मा विभिन्न भौचरबाट फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २४५१२६००० | २१४९६५३५० | ३०१६०६५० |
| | विषेश | १०००००००० | २५५३४६० | ७४४६५४० |
| | समपुरक | ० | ० | ० |
| | अन्य | ३४१२००० | ३४१२००० | |
| **प्रदेश सरकार** | शसर्त | ११०००००० | ५२६८८९२ | ५७३१११०८ |
| | विषेश | ७०००००० | १७९४९९९ | ५२०५००१ |

| | | | | |
|---|---|---|---|---|
| | समपुरक | २००००००० | १६०८३३५६ | ३९१६६४४ |
| | अन्य | ० | ० | |
| | **जम्मा** | **२९६५३८०००.००** | **२४४०७८०५७.००** | **५२४५९९४३.००** |

३६. **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**- पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका देहाय अनुसारका खर्च पूँजीगत शीर्षकबाट रु.१५१५०० भुक्तानी दिएको पाईयो ।

| भौ.नं. मित | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २०-२०७६/९/२ | शेषराम यादव | विपद् व्यवस्थापन समितको बैठक | ११००००.०० |
| २५-२०७६/९/२ | ओम प्रकाश त्रिपाठी | मेलमिलाप कर्ताको भत्ता | २९०००.०० |
| ५४-२०७६/९/२ | ओम प्रकाश त्रिपाठी | मेलमिलाप कर्ताको भत्ता | १२५००.०० |
| जम्मा | | | १५१५००.०० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३७. **महोत्सव तथा अन्य खर्च**- स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर नगरपालिकाले यस वर्ष कुल १०५०००।- लाख उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ५०००।- खर्च गरेको छ ।

३८. **वार्षिक खरिद योजना/गुरुयोजना**: सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १४ करोड २१ लाख ७६ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३९. **सवारी साधन खरिद**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान मोटरसाइकल खरिदमा रु. ७७८५००।- बजेटबाट खर्च गरेको छ ।सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ ।

**कर दस्तुर एवं आन्तरिक आय**

४०. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोतकर, सेवा शुल्क, दस्तुर वापत

अनुमानित रु. १ करोड ५० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. १४४४१७६६.४० अर्थात अनुमान भन्दा ४४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४१. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २४४०७८०५७.०० | १४४४१७७६.४० | **५.९२** |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा **५.९२** प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४२. **कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ०.०० |
| घरजग्गा वहाल कर | ८०००००.०० | ३४३२६७.०८ | ४२.९१ |
| व्यवसाय कर | ६५००००.०० | ० | ०.०० |
| वहाल विरौटी शुल्क | १५०००००.०० | ० | ०.०० |
| भूमिकर/मालपोत | २५०००००.०० | १२४१८५३४.०० | ४९६.७४ |
| नक्शा पास दस्तुर | १५०००००.०० | ३८०२७२.३२ | २५.३५ |
| सिफारिस दस्तुर | १२०००००.०० | १७१४४७.०० | १४.२९ |
| यातायात क्षेत्रको आम्दानी | ३०००००.०० | ० | ०.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ५०००००.०० | ७६६.०० | ०.१५ |
| अन्य | ११००००० | ११२७४८०.१० | १०२.५० |
| जम्मा | १००५००००.०० | १४४४१७७६.४० | १४३.७० |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

४३. **स्थानीय तहरूको विभाज्य कोष-** प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाँड गर्नुपर्ने बिभाज्यकोषको हिसाब राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा यकीन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

४४. **राजस्व बाँडफाँड-** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजस्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु ६२०००.००

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| विज्ञापन कर | १५५००० | ४० | ० | ६२००० |

४५. **राजस्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी रसिद समेत एकीन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

४६. पालिकाको आ व २०७६।७७ मा वडाहरूबाट संकलित मालपोत सिफारिस दस्तुर नगदी आम्दानी राजस्व प्राप्त भएतापनि बैक दाखिला गरेको देखिएन । संकलित राजस्व नियमानुसार संचितकोषमा दाखिला नगर्ने वडामा कार्यरत देहायका कर्मचारीलाई जिम्मेवार बनाइ हर्जना सहित असूल गर्नुपर्ने रु ५३४९१.९०

| वडा | | नगदी राजस्व प्राप्ती | बैंक | बाँकी | हर्जना | असुल हुनु पर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १, २ | देवानन्द चौधरी | ४४२८१७ | ४३०८९९ | ११९१८ | ११९१.८ | १३१०९.८ | बैंक भौचर भिड्न नसकेको |
| १२ | अशोक कुमार हरिजन | २८६५३८ | २५७८७७ | २८६६१ | २८६६.१ | ३१५२७.१ | बैंक भौचर भिड्न नसकेको |
| १३ | अशोक कुमार हरिजन | १५४५५ | ७४०५ | ८०५० | ८०५ | ८८५५ | बैंक भौचर भिड्न नसकेको |
| जम्मा | | | | १६५६४६ | १६५६४.६ | ५३४९१.९ | |

४७. **वडा कार्यालयहरूको राजस्व दाखिलामा जरिवानाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४(२) मा १० दिनसम्म १० प्रतिशत १० दिन भन्दा बढी ढिला गरेमा १० मात्र जरिवाना र विभागीय कारवाही गर्ने व्यवस्था रहेको छ । कार्यालयले मातहतका वडाहरूवाट देहाय अनुसार ढिला गरी मालपोत सिफारिस दस्तुर,दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल गरेको देखिएन । कार्यालयले छलफलको क्रममा कर्मचारी अभाव भई वडा कार्यालयहरूमा वडा सचिव खटाउन नसकिएको र कार्यालय सहायकले कार्य गर्नु पर्ने भई समयमा दाखिला गर्न नसकेको जानकारी गराएको छ । अतः उल्लेखित ऐनको व्यवस्था अनुसार असुल गनुपर्ने देखिएको रु. ९६११९.००

| वडा न | वडा सचिवको नाम | आय अवधि | कुल राजश्व | बैक दाखिला मिति | ढिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ र २ देवानन्द चौधरी | श्रावण | ४७२२६ | २०७६.०९.०८ | १२७ | ४७२३ |
| | | भाद्र | ७९५७८ | २०७६.०९.०८ | ९७ | ७९५८ |
| | | आश्विन | ५०३७८ | २०७६.०९.०८ | ६७ | ५०३८ |
| | | कार्तिक | ३१९६९ | २०७६.०९.०८ | ३७ | ३१९७ |
| | | मंसिर | ४४१५३ | २०७६.०९.०८ | ७ | ४४१५ |
| | | माघ | ६२७३६ | २०७७.०३.०५ | १२४ | ६२७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | फागुन | ४५४४४ | २०७७.०३.३१ | १२० | ४५४४ |
| | जम्मा | | | | | ३६१४९ |
| २ | वडा नं ९ राम अनुज कुर्मी | श्रावण | ३०९६३ | २०७६.०६.०५ | ३५ | ३०९६ |
| | | भाद्र | २९४५५ | २०७७.०३.०८ | २७७ | २९४६ |
| | | आश्विन | १५७०१ | २०७७.०३.०८ | २४७ | १५७० |
| | | कार्तिक | १६७८७ | २०७७.०३.०८ | २१७ | १६७९ |
| | | मंसिर | १६४३४ | २०७७.०३.०८ | १८७ | १६४३ |
| | | पौष | २०७१६ | २०७७.०३.३१ | १८० | २०७२ |
| | | माघ | १७९१० | २०७७.०३.३२ | १५० | १७९१ |
| | | फागुन | २०४९७ | २०७७.०३.३३ | १२० | २०५० |
| | जम्मा | | | | | १६८४६ |
| १२ | अशोक कुमार हरिजन वडा नं १२ | श्रावण | ४५६५३ | ०७७.०८.१८ | १०८ | ४५६५ |
| | | भाद्र | ३८४०२ | ०७७.०८.१९ | १०८ | ३८४० |
| | | आश्विन | ३६०३९ | २०७७.१०.१७ | १०८ | ३६०४ |
| | | कार्तिक | २२८६१ | २०७७.१०.१७ | ७८ | २२८६ |
| | | मंसिर | ३०४६२ | २०७७.१०.१७ | ५७ | ३०४६ |
| | | पौष | २१७०३ | २०७७.११.२० | ५० | २१७० |
| | | माघ | ३९९१२ | २०७७.०३.२९ | १५० | ३९९१ |
| | | फागुन | २५५०९ | २०७७.०३.२९ | १२० | २५५१ |
| | जम्मा | | | | | २६०५४ |
| १३ | अशोक कुमार हरिजन १३ | श्रावण | ८१२९ | २०७७.०८.०७ | १०८ | ८१२.९ |
| | | भाद्र | ३५७१२ | २०७७.०८.०८ | १०८ | ३५७१ |
| | | आश्विन | १५२२६ | २०७७.१०.२० | १०८ | १५२३ |
| | | कार्तिक | ३१०४३ | २०७७.१०.२० | ७८ | ३१०४ |
| | | मंसिर | १४८४५ | २०७७.१०.२० | ५७ | १४८५ |
| | | पौष | २४१७२ | २०७७.११.२० | ५० | २४१७ |
| | | माघ | २३९६७ | २०७७.०३.२९ | १५० | २३९७ |
| | | फागुन | १७६०८ | २०७७.०३.३० | १२० | १७६१ |
| | जम्मा | | | | | १७०७० |

कार्यालयले सम्पूर्ण वडा कार्यालयहरूले प्राप्त गरेको आन्तरिक राजस्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

४८. **सवारी कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर रू. ३०००००।- उठाउने लक्ष्य राखेको भएपनि उठाएको छैन ।

| | | |
|---|---|---|
| | हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ४९. | **मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थिएटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकीन गरी असुल गर्नुपर्दछ । | |
| ५०. | **व्यवसाय कर**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ५८८०७५। कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ५१. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ५२. | **लागत सहभागिता**– पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | |
| ५३. | **हेभी इक्विपमेण्टको प्रयोग**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |

५४. **जटिलसंरचना निर्माण**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनु पर्दछ ।

५५. **दररेट भन्दा बढी भुक्तानीः** ११८—२०७७।३।३१ रूपन्देही जिल्लाको ज्यालादर तथा निर्माण सामग्रीहरूको स्वीकृत जिल्लादररेट अनुसार ह्युमपाइपको मूल्य देहाय अनुसार रहेकोमा गौतम बुद्ध ह्युम पाइप उद्योग तथा सप्लायर्स प्रा.लि. बाट खरिद गर्दा जिल्ला दररेट भन्दा बढी लागत अनुमान तयार गरी भुक्तानी गरेकोले देहाय अनुसार असुल गर्नु पर्ने रू. ६३१६७.००

| साइज | परिमाण | जिल्ला दररेट | खरिद मूल्य | बढी रकम | मू.अ.कर समेतबढी रकम |
|---|---|---|---|---|---|
| NP3 ह्युमपाइप ३० से.मी. (२.५ मिटर) | ३ | ३७६४ | ४१०० | ३३६ | २८४७.६० |
| NP3 ह्युमपाइप ४५ से.मी. (२.५ मिटर) | १६ | ५५१६ | ६०१२ | ४९६ | २२४१९.२० |
| NP3 ह्युमपाइप ६० से.मी. (२.५ मिटर) | १४ | ७४०० | ८०४० | ६४० | १०१२४.८० |
| NP3 ह्युमपाइप ९० से.मी. (२.५ मिटर) | ८ | १३६५१ | १४८८० | १२२९ | २७७७५.४० |
| जम्मा | | | | | ६३१६७.०० |

**सशर्त कार्यक्रमतर्फ**

५६. **शिक्षक दरवन्दी र पदपूर्ति** -स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | तेनुहवा सामुदाकि माध्यमिक विद्यालय | २२ | २२ | १७ | १५९९ |
| २ | मसिनाबाबा नरेन्द्रपरी मा वि | १२ | १० | ६ | ९४२ |
| ३ | बलरामपुर माध्यमिक विद्यालय | १३ | १२ | ५ | ११६० |
| ४ | करमहवा माध्यमिक विद्यायल | १४ | १३ | ६ | ८६८ |
| ५ | खुदाबागर माध्यमिक विद्यालय | १५ | १५ | १० | १२४१ |
| ६ | बुद्ध आर्दश माध्यमिक विद्यालय | १३ | १२ | २ | १११४ |
| ७ | मधुवनि माध्यमिक विद्यालय | ८ | ८ | ६ | २८३ |
| ८ | आमा माध्यमिक विद्यालय | १३ | १३ | ९ | ८३२ |
| ९ | भगवानपुर आधारभूत विद्यालय | ११ | ११ | ४ | ४९४ |
| १० | गौतम बुद्ध आधारभूत विद्यालय | ४ | ४ | २ | २७७ |
| ११ | रामजानकी आधारभूतविद्यालय | ५ | ५ | ४ | ४२६ |
| १२ | तरकुलहवा आधारभूत विद्यालय | ६ | ५ | ४ | ३४६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | अधियारी आधारभूत विद्यालय | ८ | ८ | ० | ३९५ |
| १४ | लुम्बिनी आधारभूत विद्यालय | ४ | ४ | १ | १९९ |
| १५ | जनता आधारभूत विद्यालय | ३ | ३ | २ | २०९ |
| १६ | सरस्वती आधारभूत विद्यालय | ६ | ६ | ३ | ४६६ |
| १७ | कारीदह आधारभूत विद्यालय | ७ | ६ | ६ | ५३४ |
| १८ | बाल ज्योति आधारभूत विद्यालय | ४ | ३ | ३ | २४२ |
| १९ | शिव शक्ति आधारभूत विद्यालय | १ | ० | ० | १५६ |
| २० | ज्ञानकुञ्ज आधारभूत विद्यालय | ४ | ४ | ३ | ३२६ |
| २१ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ४ | ४ | २ | १५१ |
| २२ | पडरिया आधारभूत विद्यालय | ४ | ४ | १ | १५७ |
| २३ | माया देवी आधारभूत विद्यालय | ३ | ३ | २ | २३३ |
| २४ | अमारी आधारभूत विद्यालय | ५ | ५ | ३ | ३४१ |
| २५ | सिद्धार्थ आधारभूत विद्यालय | २ | २ | १ | १६६ |
| २६ | दिव्य ज्योति आधारभूत विद्यालय | १ | १ | ० | २४७ |
| २७ | लुम्बिनी ज्ञानप्रभा आधारभूत विद्यालय | ० | ० | ० | २१९ |
| २८ | सरस्वती आधारभूत विद्यालय | २ | २ | १ | १३९ |
| २९ | दुर्गा आधारभूत विद्यालय | ४ | ४ | १ | २५० |
| ३० | बुद्ध आधारभूत विद्यालय | ५ | ४ | ४ | ४०५ |
| ३१ | रामजानकी आधारभूत विद्यालय | ३ | ३ | २ | ३२२ |
| ३२ | गणेश आधारभूत विद्यालय | २ | २ | १ | २६४ |
| ३३ | मदरसा अरविया इबनकैइम अल जौजिया | १ | १ | १ | १६० |
| ३४ | मदरसा जामियतुल इस्लाह | १ | १ | १ | ४०९ |
| ३५ | मदरसा मर्कजुत्तालिम वद्यावा अलइस्लामिया | १ | १ | १ | ४०६ |
| ३६ | अल मदरस्तुल अरविया अलसल्फिय | १ | १ | १ | ३०५ |
| ३७ | मदरसा इस्लामिय मिसबाहुल ओलूम | १ | १ | १ | १६८ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

५७. कार्यालयले विद्यालयगत रुपमा शिक्षकहरूको स्वीकृत दरबन्दी विवरण र कार्यरत शिक्षकहरूको विवरण अद्यावधिक गरी राख्नु पर्दछ । कार्यालयले शिक्षकहरूको आन्तरिक सरुवा तथा काजमा खटाए नखटाएको विवरण अद्यावधिक गर्नुपर्दछ । यस्तो विवरण बिना तलब भत्ता निकासा हुँदा स्वीकृत दरबन्दी भन्दा बढी निकासा हुन सक्ने, कुनै विद्यालयमा शिक्षकहरूको चाप हुने तथा कुनैमा शिक्षकहरूको अभाव हुन सक्ने हुँदा कार्यालयले शिक्षकहरूको विधालयगत दरबन्दी, कार्यरत र रिक्त अवस्थाको प्रस्ट हुने गरी अभिलेख तयार गर्ने र समय समयमा अद्यावधिक गर्नुपर्दछ ।

५८. **बढी निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ क्रियाकलाप नं. २.७.१३.८ को २.१ माEMIS को आधारमा  शिक्षण सिकाइ सामग्री तथा (Lab assistant, equipments and practical material, OJT, operation cost) व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान दिने व्यवस्था रहेको छ ।नमुना परीक्षण विधिबाट परीक्षण गर्दा तेनहुवा सामुदायिक माध्यमिक विद्यालयले EMIS विद्यार्थी संख्या १४४

| | | |
|---|---|---|
| | भएकोमा निकासा माग १५९ विद्यार्थीको गरेको पाइयो । विद्यार्थी संख्या भन्दा बढी निकासा माग गर्नेलाई जिम्मेवार वनाइ १५ विद्यार्थीको रु १५००० का दरले वढी रकम रु २२५०००मध्ये रु १५९३९६ फिर्ता गरी बाँकी रहेको रकम सम्बन्धित वेरुजू खातामा दाखिला गर्नुपर्ने रू. | ६५६०४.०० |
| ५९. | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.४.६.१ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकीन गर्नुपर्दछ। तथा क्रियाकलाप नं ७.२.१.१ EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रवृत्ति रकम अनुदान दिनुपर्दछ।कार्यालयले पाठ्यपुस्तकका लागि विद्यालयहरूलाई रु.३९६७००० र छात्रवृत्तिका लागि विद्यालयहरूलाई रु. २७७२४०० निकासा गरेको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ । | |
| ६०. | **छात्रवृत्तिः** विद्यालयहरूलाई छात्रवृत्तिको रकम सोधभर्ना गर्दा विद्यार्थी संख्या र निजहरूले बुझेको भर्पाईहरूको आधारमा दिनु पर्दछ । नगरपालिका क्षेत्रका अनुदान जाने ३२ विद्यालय मध्ये २० विद्यालयको छात्रवृत्ति वितरणको प्रमाण परीक्षण गरेकोमा ५ विद्यालयलाई देहाय अनुसार बढी निकासा दिएको देखियो । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले कार्यालयले आफै छानबिन गरी असुल गर्नुपर्दछ । साथै उल्लेखित अनुसार बढी गएको छात्रवृत्ति खर्च असुल गर्नुपर्ने देखिएको रु | ११९६००.०० |

| विद्यालयको नाम | विद्यार्थी | भरपाइ | बढी | दर | रकम |
|---|---|---|---|---|---|
| रामजानकी आधारभूत विद्यालय | २१९ | २११ | ८ | ४०० | ३२०० |
| अधियारी आधारभूत विद्यालय | २४६ | २३० | १६ | ४०० | ६४०० |
| लुम्बिनी आधारभूत विद्यालय | २५२ | १७३ | १६० | ४०० | ६४००० |
| अमारी आधारभूत विद्यालय | १९८ | १७१ | २७ | ४०० | १०८०० |
| बाल ज्योति आधारभूत विद्यालय | १४१ | ५३ | ८८ | ४०० | ३५२०० |
| जम्मा | | | | | ११९६०० |

| | | |
|---|---|---|
| ६१. | **पारिश्रमिक करः** आयकर ऐन ,२०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयको पारिश्रमिक करको गणनामा करयोग्य आयको पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य तर्फका दिपेन्द्र यादवको श्रावण देखि कार्तिक सम्मको आयकर ऐन अनुसार करकट्टि रु २०४० गरेको नदेखिएकोले नपुग पारिश्रमिक कर रकम दाखिला गर्नुपर्ने देखिएको रु. | २०४०.०० |
| ६२. | **औषधी खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । पालिकाको लागि आवश्यक पर्ने रु. ४४०९२३३।- का औषधि सोझै तथा ठेक्का खरिद विधिबाट खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः | |
| | (क) औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| | | |
|---|---|---|
| ६३. | **प्रधानमन्त्री रोजगार कार्यक्रम**- स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरूलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयलेबेरोजगारको तथ्याङ्क अद्यावधिक गरी बेरोजगारको सूचीमा समावेशलाई प्राथमिकीकरण गरेको छैन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा सडक नाला, मोटर बाटो, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४६ जनालाई रोजगारी उपलव्ध गराई रु ४२१२०० खर्च गरेको छ । लक्षित वर्गलाई ७४२ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | (क) रोजगार कार्यक्रममा आवद्ध हुनको लागि २८९ जनाले निवेदन दिएकामा जम्मा ४६ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकाका १३ वडा मध्ये ३ वटा वडामा यो कार्यक्रम संचालन भएको छ । ६ वडामा सञ्चालित कार्यक्रममा ४६ जनालाई दैनिक रु ५४० को दरले ७४२ दिन रोजगारी दिएको पाइयो । यसरी सञ्चालित कार्यक्रमको नापी तथा मुल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन । | |
| | **समानीकरण पूँजीगततर्फ** | |
| ६४. | **कन्टिन्जेन्सी खर्चको अभिलेख:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट १ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु ७२४३५०।- कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ६५. | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२)मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्राइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकीन हुन सक्ने अवस्था देखिएन । | |
| ६६. | **सफ्टवेयर नविकरण** -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर नवीकरणमा रु ५८९०००।— खर्च गरेको छ । | |

६७. **गुणस्तर परीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| भौ.नं. मिति | निर्माण कामको विवरण | लागत अनुमान | सम्झौता रकम | कामको प्रकृति |
|---|---|---|---|---|
| १२२-२०७७/३/१६ | बाटो ढलान | ५५१५८४.४३ | ५५१५८४.४३ | उपभोक्ता समिति |
| [illegible] | हैण्ड पम्प जडान | ११०८६७६.८७ | ११०८६७६.८७ | उपभोक्ता समिति |
| [illegible] | बाटो पीसीसी गर्ने, महुवारी | ४४१०८४.५७ | ४४१०८४.५७ | उपभोक्ता समिति |
| [illegible] | बाउन्ड्री वाल | १७३३७०४.२८ | १७३३७०४.२८ | उपभोक्ता समिति |
| [illegible] | सडक ढलान तथा नाली निर्माण | ५६६४८३.४२ | ५६६४८३.४२ | ,, |
| [illegible] | धर्मशाला निर्माण, निपनिया | ५९१०५३.४९ | ५९ १०५३.४९ | ,, |
| [illegible] | मोहसढ मदरसामा भवन निर्माण | १०४२५९४.२२ | १०४२५९४.२२ | ,, |
| [illegible] | धर्मशाला निर्माण, मनौरा | ५५८९७७.२७ | ५५८९७७.२७ | ,, |

६८. सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ ।गुणस्तर परीक्षण वापतको रकम भुक्तानी गर्दा देहाय अनुसारका भौ.नं. र मितिबाट उपभोक्ता समितिले पेश गरेको विजक भन्दा बढी रकम कार्यसम्पन्न प्रतिवेदन तथा नापीमा समावेश गरी भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको असुल गर्नु पर्ने रू. २५३९५.००

| भौ.नं. र मिति | कार्य | परीक्षण गर्ने निकाय | वीजक अनुसारको रकम | मूल्यांकन | बढी भक्तानी |
|---|---|---|---|---|---|
| १२६-२०७७/३/१६ | मेनबाटो पीसीसी गर्ने | उषा इन्जिनियरिङ | १६९५ | ७००० | ५३०५.०० |
| १७५-२०७७/३/३० | बाटो ढलान | उषा इन्जिनियरिङ | १६९५ | ५००० | ३३०५.०० |
| १७७-२०७७/३/३० | बाटो पीसीसी गर्ने | उषा इन्जिनियरिङ | १६९५ | ५००० | ३३०५.०० |
| १४१-२०७७/३/२३ | बाटो पीसीसी गर्ने | उषा इन्जिनियरिङ | ११३० | ४००० | २८७०.०० |
| १४६-२०७७/३/२६ | अमारी गाउँ भित्र बाटो पीसीसी गर्ने | उषा इन्जिनियरिङ | १६९५ | ८००० | ६३०५.०० |
| २०१-२०७७/३/३१ | तेनुहवा पूर्व डिहिगाँउमा बाटो पीसीसी गर्ने | उषा इन्जिनियरिङ | १६९५ | ६००० | ४३०५.०० |
| जम्मा | | | | | २५३९५ |

६९. **१६८-०७७।३।३० गुणस्तर परीक्षणको नमूना** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ

।विचौवापुर गाँउ लालमनको घरदेखि बाबुरामको घर हुँदै जोखुको घर हुँदै रामसाहूको घरसम्म पीसीसी ढलान कार्यको लागि २०७६।१२।४ को सम्झौता अनुसार रू. ८८४२७६।४३ लागत अनुमान भएको पीसीसी ढलान कार्य उषा इन्जिनियरिङ सर्भिसबाट क्युव टेस्ट गराएको रिपोर्ट पेश भएको छ । टेस्ट रिपोर्ट अनुसार ७ दिन अथवा २८ दिनको क्युवहरू परीक्षणको लागि पेश गर्नु पर्नेमा सो भन्दा बढी दिनको क्युवहरू पेश भएको र ३ वटा मध्ये एक क्युव टेस्ट रिपोर्टमा फेल भएकोले निर्माण कार्य गुणस्तरयुक्त छ भन्न सक्ने अवस्था छैन । मूल्यांकन अनुसार उक्त कार्यको रू. ७९२०००।- भएको खर्च सम्बन्धमा गुणस्तर एकीन गर्न नसकिएको रू. ७९२०००.००

७०. **रसिद पेश नभएको**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बील भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । प्राविधिक मूल्यांकन अनुसार गुणस्तर परीक्षणको शुल्क देहाय अनुसार भुक्तानी गरेकोमा उक्त रकम वरावरको विजक पेश नभएकोले असुल गर्नु पर्ने रू. ८०००.००

| भौ.नं. र मिति | कार्य | परीक्षण गर्ने निकाय | भुक्तानी रकम |
|---|---|---|---|
| १७०-२०७७/३/३० | पूर्व शिवगढिया मस्जिद देखि पश्चिम पर्तीसम्म पीसीसी ढलान | मायादेवी गा.पा. | ५०००.०० |
| १६४-२०७७/३/२९ | कर्महवा ढलान देखि पश्चिम सम्मसम्म पीसीसी ढलान | मायादेवी गा.पा. | ३०००.०० |

७१. **मालसामानको गुणस्तर परीक्षण**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्:

(क) कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(ख) देहायका मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण/परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः

| गो.भौ. र मिति | मालसामानको नाम | भुक्तानी रकम | बिक्रेता |
|---|---|---|---|
| १९५–२०७७।३।३१ | सोलार वाटर पम्प | २८९२००.०० | सम्मृद्ध नेपाल इनर्जी प्रा.लि. |
| १९४–२०७७।३।३१ | बहुउद्देश्यीय हलको फर्निचर खरिद | १९७९७६०.०० | प्रिया इन्टरप्राइजेज एण्ड सप्लायर्स |
| १९७–२०७७।३।३१ | सडक वत्ती जडान नगरस्तरीय | ३९९९९७.४० | अल्फा ट्रेड हाउस |
| ८०५४८४०३५०१ तर्फ | | | |
| ६–२०७७।३।२६ | फर्निचर खरिद | ४९९४६०.०० | अल्फा फर्निचर एण्ड सप्लायर्स |
| १५–२०७७।३।३१ | आइ.सि.टी. सामान | १७९४९९९.०० | ग्लोलियर्स टेक्नोजी प्रा.लि. |

| | | |
|---|---|---|
| ७२. | १८१-२०७७।३।३० क्रमागत कालोपत्रे देखि ठूलो महुवारीको मेनसडक पीसीसी गर्ने कार्यको उपभोक्ता समितिसँग २०७६।११।१६ मा भएको सम्झौता अनुसार लागत अनुमान रू. १६५८१६५।७२ भएको पीसीसी ढलान कार्यको लागत अनमान अनुसार Renforcement bars for RCC 1437.83 के.जी. भएकोमा मूल्यांकनमा उक्त कार्य २१३०.६० के.जी. उल्लेख छ । उपभोक्ताले पेश गरेको न्यू सौर्य सप्लायर्सको बील १६२० के.जी. १० एमएम फलामे डण्डी खरिद गरेको देखिन्छ । लागत अनुमान अनुसार कटिङ वाइन्डिङ र निर्माण स्थलमा राख्ने समेतको दर रू. १०३.२३ को दरले खरिद परिमाण भन्दा बढी मूल्यांकन गरेको ५१०.६ केजी फलामे डण्डीको रू. १०३.२३ को दरले असुल गर्नु पर्ने रू. | ५२७०९.२४ |
| ७३. | १५२-२०७७।३।२८ तेनुहवा पश्चिम डिहीको लागि वोरिङ्ग जडान कार्यको लागि मिति २०७७।२।२७ मा लागत अनुमान रु. २३३०८०।७४ को कार्य उपभोक्ता समितिमार्फत गर्ने गरी सम्झौता भएको छ । उक्त कार्यको लागत अनुमानमा ११०/६ साइजको एचडिपीई पाइपको मूल्य ७१८।९६ कायम गरिएकोमा उपभोक्ताले पेश गरेको एस. एस. ट्रेडर्सको वीजक नं. ३४३ मिति २०७७।३।१२ अनुसार मू.अ.कर समते प्रति मिटर रु. ६१०.२० उल्लेख छ । उपभोक्ताले पेश गरेको वीजक भन्दा बढी मूल्यांकन गरेको रु. १०८.७६ को दरले मूल्यांकन अनुसारको १२३.५० मिटरको रु.१३४३१।८६ बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु. | १३४३१.८६ |
| ७४. | **खरिद भन्दा बढी मूल्यांकनः** १४४-२०७७।४।४ रामजनकी मन्दिर मनौरामा धर्मशाला निर्माण निर्माण कार्यको लागि २०७७।११।२२ मा लागत अनुमान रु. ५५४९४४।०१ को कार्य उपभोक्ता समिति मार्फत गर्ने गरी सम्झौता भएको छ । उक्त कार्यको लागत अनुमानमा फलामे डण्डीको कार्य १४९०.०६ केजी हुने गरी लागत अनुमान स्वीकृत भएकोमा मूल्यांकन अनुसार कार्यसम्पन्न प्रतिवेदनमा १५०६.४१ केजी खपत गरी रु. ११०।९० को दरले रु. १६७०६०।३८ उपभोक्ता समितिलाई भुक्तानी भएको छ । उपभोक्ता समितिले पेश गरेको न्यू सौर्य सप्लायर्सको वीजक नं. ९९ मिति २०७७।१।१७ अनुसार ११८० के.जी. मात्र खरिद भएको देखिन्छ । खरिद परिमाण भन्दा बढी मूल्यांकन गरेको ३२६.४१ केजीको रु. ११०.९० को दरले रु. ३६१९८.८७ असुल गर्नु पर्ने रु. | ३६१९८.८७ |
| ७५. | भौ.न ९०३ मिति २०७७।३।३० खरको छाना विस्थापित गर्न जस्ता पाता वितरण कार्यक्रम अन्तर्गत ठेक्का नं ९२ ०७६।७७ को लागत अनुमान रु १४८५९२४।१७ भई KGN Suppliers Hardware बाट रु १४७९४५५।६१ मा खरिद गरिएकोमा सो जस्ता पाता हालसम्म पनि लक्षित वर्गलाई वितरण नगरी कार्यालय परिसरमा राखिएको देखियो । आर्थिक वर्षको अन्त्यमा खरिद गरी कार्यालयमा मौज्दात रहेको कारणले बजेट निश्कृय रहेको अवस्था छ । उक्त परिमाणको जस्तापाता आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु. | १४७९४५५.६१ |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ७६. | **प्रतिवेदनः** सामाजिक सुरक्षा सुरक्षा कार्यविधि २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मार्ग ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत्र ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण श्रावण ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन । | |
| ७७. | **पारदर्शिताः** कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्नेचौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा | |

| | | |
|---|---|---|
| | कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा सम्बन्धी खर्चलाई पारदर्शी बनाउन आवश्यक छ । | |
| ७८. | **सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्य आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ । | |
| | **विपद् व्यवस्थापन** | |
| ७९. | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि १० वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेकोपाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ८०. | **कार्य योजना** -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ८१. | **विपद् व्यवस्थापन कोष** –विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. १७०४५५१।- आम्दानी भई रु. ७९०९२०।- खर्च गरी बाँकी रु. ९१३६३१।- देखिन्छ । पालिकाले खर्च मध्ये रु. ७९०९२०।-क्वारेन्टिन व्यवस्थापनमा रू. ६०००००।-, दाउरा वितरण खर्च रू. १५६५४०।— र राहत वापत रू. ३४३८०।- भुक्तानी गरेको देखिन्छ । विपद् व्यवस्थापन कोष सञ्चालनको लागि कार्यविधि बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८२. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |